आज मिति २०७७ जेष्ठ ०२ गते यस सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झगबहादुर विश्वकर्मा ज्यूको अध्यक्षतामा तपशिल बमोजिमका कार्यपालिका सदस्यज्यूहरूको उपस्थितिमा गाउँकार्यपालिकाको ६४ औं बैठक बसि निम्न बमोजिमका निर्णयहरुका साथ सम्पन्न गरीयो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री झग बहादुर विश्वकर्मा | अध्यक्ष | |
| २ | श्री मिना कुमारी सोमै | उपाध्यक्ष | |
| ३ | श्री बसन्त बहादुर जि.सी. | सदस्य | |
| ४ | श्री चिन्त बहादुर सोमै मगर | सदस्य | |
| ५ | श्री भिम बहादुर मर्साङी मगर | सदस्य | |
| ६ | श्री तुल बहादुर रोका मगर | सदस्य | |
| ७ | श्री मुकुन्द राज शर्मा | सदस्य | |
| ८ | श्री सन्त बहादुर बराल मगर | सदस्य | |
| ९ | श्री मो. हलिम हलुवाइ | सदस्य | |
| १० | श्री टंक प्रसाद सुनार | सदस्य | |
| ११ | श्री शुशिला के.एम. | सदस्य | |
| १२ | श्री चन्द्रिमा थापा | सदस्य | अनुपस्थित |
| १३ | श्री जिवा सुनार | सदस्य | |
| १४ | श्री खिमा सुवेदी | सदस्य | |
| १५ | श्री अमर बहादुर घर्ती | सचिव | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | श्री लक्ष्मण आचार्य | अधिकृत छैठौ | |
| २ | श्री दीप बहादुर शाही | लेखा अधिकृत | |
| ३ | श्री गोविन्द प्र. पोखरेल | [illegible] | |

अमरबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्युठान
५ नं. प्रदेश, नेपाल
२०७३

खग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

**सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक (बैठक संख्या - ६४)**

**मितिः- २०७७/०२/०२**

<u>बैठकका प्रस्तावहरु</u>

१.आ.ब. ०७७।०७८ को योजना तर्जुमा सम्बन्धमा ।

२. खरिद प्रकृया अगाडी बढाउने सम्बन्धमा ।

क. हंशपुर बृहत खा.पा. योजना ।

ख. कक्षाकोठा ब्यवस्थापन र आइसिटि सामाग्री (प्रदेश विशेष अनुदान)

ग. सामाजिक सुरक्षा तथा पंजिकरण कार्यक्रम ।

घ. किसान संग गाउँसरकार कार्यक्रम ।

ङ. मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम ।

च. अन्य ।

३. क्वारेन्टाइन संचालन र ब्यवस्थापन सम्बन्धमा।

४. योजनाको नाम संशोधन सम्बन्धमा।

५. विविध सम्बन्धमा।

०२/१८

अमरबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

खग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

अमरबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

ऐरावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बङ्गेसाल, प्युठान
५ नं. प्रदेश, नेपाल
२०७३

बैठकका निर्णयहरु

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा आ.ब.२०७७।०७८ को बार्षिक कार्यक्रम तर्जुमा गर्न हाल विश्व र नेपालमा समेत कोरना भाइरसको महामारीका कारण उत्पन्न परिस्थितका कारण बस्ती स्तरबाट योजना छनौट गर्न कठिन हुने भएकोले टोल विकास संस्थाका प्रतिनिधिहरु, मुख्य सरोकारवालाहरु र वडा स्तरिय समिति वीच सामाजिक दुरी कायम गर्दै र स्वास्थ्य मापदणड भित्र रही वडा स्तरीय छलफल गरी आगामी आ.ब.को लागी योजना तथा कार्यक्रमहरु गाउँपालिकामा पेश गर्ने निणय गरियो ।

साथै आगामी आ.ब.को लागी संघिय सरकार र प्रदेश सरकारबाट यस गाउँपालिकालाइ प्राप्त तपिशल बमोजिमको बजेट सिलिङ्गको बारेमा जानकारी गराइयो ।

तपिशल

| सिन | अनुदानको प्रकार | संघिय सरकार | प्रदेश सरकार | कैफियत |
|---|---|---|---|---|
| १ | बित्तिय समानीकरण अनुदान रु. | ८,५३,००,००० | ५०,६८,००० | |
| २ | राजश्व बाडफाडबाट प्राप्त अनुदान रु. | ७,२०,०७,६३७ | ३३,४३,००० | |
| | जम्मा | १५,७३,०७,६३७ | ८४,११,००० | |

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिकाको चालु आ.ब. २०७६।०७७ को स्वीकृत कार्यक्रम अन्तरगत निम्न शिर्षकको योजना तथा कार्यक्रम र अन्य अत्यावश्यक निर्माण तथा अन्य सामाग्रीहरु नियमानुसार खरिद गर्ने निर्णय गरियो ।

तपिशल

- हंशपुर बृहत खानेपानी निर्माण योजना ।

अमरबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

- प्रदेश विशेष अनुदान अन्तर्गत ECD देखी कक्षा ५ सम्म कक्षाकोठा ब्यबस्थापन र शिक्षण शिकाइ सुधार, आधारभुत तथा मा.वि. तह ICT कार्यक्रम र विपन्न बर्ग छात्राछात्रहरुलाइ शिक्षक सामाग्री सहयोग ।
- राष्ट्रिय परिचयपत्र तथा पंजिकरण कार्यक्रम तर्फका सामाग्री खरिद ।
- किसानसग गाउँसरकार कार्यक्रम अन्तर्गतका योजना तथा कार्यक्रमका सामाग्री खरिद
- मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रमका अन्तरगतका खरिद गर्नु पर्ने सामाग्री ।
- अन्य कार्यक्रम र कार्यालय संचालन तर्फका सामाग्री खरिद ।

साथै प्रदेश विशेष अनुदान अन्तर्गत ICT कार्यक्रम र ECD देखी कक्षा ५ सम्म कक्षाकोठा ब्यबस्थापन र शिक्षण शिकाइ सुधार कार्यक्रमको लागी निम्न विधालय छनौट गर्ने निर्णय गरियो ।

तपिशल

| सि न | विधालयको नाम | ठेगना | कैफियत |
|---|---|---|---|
| १ | फैजुल इस्लामीक मद्रासा | सरुमरानी १ बांगेशाल | कक्षा कोठा ब्यबस्थापन र शिक्षण सिकाइ सुधार |
| २ | खड्क प्रा. वि. झिलिवाङ्ग | सरुमरानी १ बांगेशाल | " " |
| ३ | वाल विकास आधारभुत विद्यालय | सरुमारानी २ गनाहा | " " |
| ४ | चेतना वालविकास केन्द्र | सरुमरानी २ भम्पाली | " " |
| ५ | श्रमरानी प्रा. वि. | सरुमारानी ४ मान्द्रे | " " |
| ६ | शिव शक्ति प्रा. वि. | सरुमारानी ४ धनकोट | " " |
| ७ | ने .रा. प्रा. वि. | सरुमारानी-५ पाखापानी | " " |
| ८ | कल्पना वालविकास केन्द्र | सरुमारानी ५ | " " |
| ९ | कुटिचौर वालविकास केन्द्र | सरुमारानी ६ | " " |
| १० | टाकुरा वालविकास केन्द्र | सरुमारानी ६ | " " |
| ११ | संगम प्रा. वि. बांगेवेशी | सरुमारानी ३ | " " |
| १२ | रासी प्रा. वि .दोमै | सरुमारानी ३ | " " |
| १३ | वालविकास आधारभुत विद्यालय गनाहा | सरुमारानी २ | ICT कार्यक्रम |
| १४ | ने. रा. आ. वि. हंशपुर | सरुमारानी ३ | ICT कार्यक्रम |

Scanned with CamScanner

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा हाल विश्व र नेपालमा समेत कोरना भाइरसको संक्रमणबाट बच्नको लागी देश विदेशबाट आउने नागरिकहरुको स्वास्थ्य चेकजाच गरी घरमा पठाउनको लागी सबै वडाहरुमा थप क्वारेन्टाइनको ब्यबस्थापन गर्नु पर्ने भएकोले तपिशल बमोजिमको स्थानमा क्वारेन्टाइनहरु तयारी अवस्थामा राख्ने निर्णय गरियो ।साथै सबै वडाहरुले बिदेश तथा भारतमा रहेका र हाल नेपालमा आउन चाहेका नागरिकहरुको तथ्यांक संकलन गर्ने र नेपाल आउने नागरिकहरुको क्वारेन्टाइनमा बसाल्न अवश्यक ब्यबस्था मिलाउने निर्णय गरियो ।

तपिशल

| सि न | विधालयको नाम | ठेगना | क्षमता संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | सरस्वती मा. वि. बांगेशाल | सरुमारानी १ | १०० | |
| २ | सत्य मा. वि. ददेरी | सरुमारानी २ | ५० | |
| ३ | खड्केश्वरी मा वि दर्भान | सरुमारानी २ | ५० | |
| ४ | वाल विकास आधारभुत विधालय | सरमारानी २ | ३० | |
| ५ | सरस्वती मा. वि. चाभा | सरुमारानी ३ | ६० | |
| ६ | हंशपुर ने. रा.आ. वि. हंशपुर | सरुमारानी ३ | २० | |
| ७ | सुर्योदय प्रा. वि. ढाव | सरुमारानी ३ | २० | |
| ८ | जनता मा. वि. बड्डाडा | सरुमारानी ४ | ५० | |
| ९ | रानीकुवा योगहल | सरुमारानी ४ | १२ | |
| १० | बुद्द प्रा. वि. छत्तिवन दमार | सरुमारानी ४ | २० | |
| ११ | भिमसेन मा. वि. जस्पुर | सरुमारानी ५ | ५० | |
| १२ | अमर ज्योति प्रा. वि. राङ्गवाङ्ग | सरुमरानी ५ | १० | |
| १३ | ने. रा .प्रा. वि .पाखापानी | सरुमारानी ५ | २५ | |
| १४ | ऐश्वर्य प्रा. वि. भंगृखोला | सरुमरानी ६ | २० | |

अमरबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

ऋण बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

अमरबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वड्डाडा प्यूठान
५ नं. प्रदेश, नेपाल
२०७३

ऋग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १५ | श्रमरानी मा. वि. बुढिचौर | सरुमारानी ६ | ६० | |
| १६ | भुवनेश्वरी प्रा. वि. पाङ्गवाङ्ग | सरुमारानी ६ | २५ | |
| | जम्मा | | ६१२ | |

**निर्णय नं ४.**

प्रस्ताव नं ४ माथि छलफल गर्दा चालु आ. ब. २०७६।०७७ को स्विकृत कार्यक्रममा निम्न योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।

| सि न | स्वीकृत योजनाको नाम | बजेट रु | सि न | संशोधित योजनाको नाम | बजेट रु |
|---|---|---|---|---|---|
| १ | पाखापानी सिचाइ पोखरी निर्माण सरुमारानी ५ | १,५०,००० | १ | हात्तिखाल सिचाइ पोखरी टयाङ्की छानो निर्माण सरुमारानी ५ | २,१०,००० |
| २ | हात्तिखाल सिचाइ पोखरी टयाङ्की छानो निर्माण सरुमारानी ५ | ६०,००० | | | |
| ३ | छहरे डाडागाँउ मोटरवाटो | ७,००,००० | २ | छहरे डाडागाँउ मोटरवाटो स्तरोन्नती | ७,००,००० |
| ४ | मरेको जनावर ब्यवस्थापन | १०,००० | ३ | वड्डाडा बजार ऐरावती मोटरवाटो नाली मर्मत | १०,००० |
| ५ | स्थानीय संग्रालय निर्माण | ५,००,००० | ४ | ~~नेपाल मगरसंघ भवन निर्माण वड्डाडा न.~~ सहिद नरवत थापा मगर स्मृती तथा स्थानीय संग्रालयभवन निर्माण | ~~५,००,०००~~ रु. ५००,०००।— |

**५ विविध सम्बन्धमा।**

प्रस्ताव नं ५ माथि छलफल गर्दा निम्न निर्णय गरियो ।

क) कोरना भाइरस रोकथाम र नियन्त्रणको लागी क्वारेन्टाइन ब्यबस्थापन र सुरक्षा ब्यबस्थाका लागी परिचालन गरिएका स्वयंसेवकहरुको लागी वडा समितिको सिफारिसमा प्रति ब्यक्ति प्रतिदिन खाजा नास्ता वापत रु १०० का दरले प्रकोप ब्यबस्थापन कोषबाट भुक्तानी दिने ।साथै स्वयंसेवक छनौट, परिचालन, र हाजिरि ब्यबस्थापन लगाएतका कार्यहरु सम्बन्धित वडा कार्यालयले गर्ने र हाललाइ निम्न संख्याका स्वयंसेवक परिचालन गर्ने ।

अमरबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

ऋग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

- वडा न.२ मा १५ जना
- वडा न. १ मा ५ जना
- वडा न. ५ मा ५ जना

**ख)** यस गाउँपालिकाका कृषकहरुको मकैवालीमा देखिएको फौजीकिराको रोकथामको लागी औषधि खरिद गरी छर्ने कार्यका लागी विपद ब्यवस्थापन कोष शिर्षकबाट रकम उपलब्ध गराउने ।

**ग)** यस चालु आ.ब .का निम्न योजनालाइ पेश्की रकम उपलब्ध गराउने ।

१. प्यालीमाटी सौराकोट गोलधारा सिद्दथान लिफ्ट खानेपानी योजना सरुमारानी ५

२. खड्केश्वरी मा वि दर्भान भवन निर्माण सरुमारानी २

३. नेपाल राष्ट्रिय आधारभुत विद्यालय भवन निर्माण सरुमारानी ३, हंशपुर

**घ)** कोरना भाइरस रोगको कारण लामो समय देखि बन्दावन्दी भएको र सिमित प्राविधिक कर्मचारीबाट काम चलाउन परेकोले यस कार्यालयका इन्जीनियर श्री रविकुमार राना लाइ मासिक रु ८,०००/- र असिष्टेन्ट सव इन्जिनियर श्री केशव बहादुर दरलामीलाई रु ५,०००/- का दरले २०७७ बैशाख देखी २०७७ असार मसान्त सम्म कन्टेन्जेन्सी शिर्षकबाट खर्च गर्ने गरी फिल्ड भत्ता उपलब्ध गराउने । साथै कार्यालय समय भन्दा अघिपछि र विदाको दिन समेत कार्यालयको कामकाज गर्नु पर्ने भएकोले काममा खटिने कार्यालय सहयोगीलाई निजलाई विहान बेलुका र विदाको दिनको हाजिर गराई थप समय भत्ता वापत प्रतिघण्टा रु ५०/- का दरले २०७६ फागुन महिना देखी २०७७ असार मसान्त सम्म उपलब्ध गराउने ।

**ङ)** वडा न १ मा धनबहादुर रायमाझिको घर अगाडी रहेको सिचाइ पोखरी मर्मतको लागी गाउँकार्यपालिकाको मिति २०७६।६।२७ गतेको बैठकबाट मर्मत संभार कोषबाट रु ५०,०००/- बजेट विनियोजन भएकोमा उक्त पोखरी सो रकमबाट मर्मत गरी संचालन हुन नसक्ने प्राविधिक राय अनुसार नयाँपोखरी निर्माण गर्नु पर्ने भएकोले सो पोखरी निर्माण गर्नको लागी सो रकममा किसानसंग गाउँसरकार कार्यक्रम अन्तर्गतको पुर्वाधार विकास कुलो, बाँध,मोटरपाइप शिर्षकमा विनियोजन भएको रकम मध्येबाट रु . १,५०,०००/-रकमान्तर गरी रायमाझी टोल सिचाइ पोखरी निर्माण योजना नामाकारण सहित कुल जम्मा रु २,००,०००/- विनियोजन गर्ने ।

प्रमाणिकरण मिति - २०७६/०२/०४